# १७
# मण्डलीको एकता

टी.बी. लारीमोर, एक सुसमाचार प्रचारक जसको ख्रीष्टको जस्तो आत्मा छ भन्ने बारेमा उहाँलाई चिन्ने सबैलाई थाहा थियो, उहाँले भजनसंग्रह १३३:१ द्वारा ख्रीष्टिय मण्डलीको पारिवारिक एकताको वर्णन गर्नुभएको थियो : "दाजु-भाइहरु आपसमा एकतामा बस्नु कति भलो र मनोहर कुरा हुन्छ ।" केही कुराहरु राम्रा हुन्छन् तर मनोहर हुँदैनन् । क्यान्सरको वृध्दि एउटा अपरेशनद्वारा हटाउन जीवनदायी कुरा हुन्छ, त्यसैले राम्रो हुन्छ, तर त्यो रोगीको निम्ति मनोहर हुँदैन । केही कुरा मनोहर हुन्छन् तर राम्रो हुँदैनन् । विशेष अवसरमा खेल्नु मनोहर र आनन्ददायी हुन्छ तर निरन्तर खेल्नु नराम्रो हुन सक्दछ । दाजु लारीमोरले हामीले यस संसारमा पाउन सक्ने केही थोकहरु राम्रा र मनोहर दुवै हुन्छन् भन्ने देखेका थिए, वास्तवमा ती हामीलाई लाभदायक हुन्छन् र त्यसै समय आनन्द अनुभव गर्न सकिने पनि हुन्छन् । उहाँले यी दुवै गुणहरु ख्रीष्टमा एकतामा, दाजु-भाइ एकै विचारका भएर एकसाथ बसोवास गर्दा पाउन सकिन्छ भन्ने देखाउनु भएको थियो ।[२०] उहाँसँग को असहमत हुन सक्दछ होला ?

नयाँ करार अनुसार, ख्रीष्टमा एकता हाम्रो निम्ति असल र मनोहर मात्र हुँदैन, तर त्यसभन्दा पनि महत्वपूर्ण यो परमेश्वरलाई राम्रो मनपर्ने हुन्छ । येशू धोका पाई पापी मानिसहरुको हातमा पर्न केही अघि संसारको अति नै अँध्यारो रातमा, उहाँले उहाँलाई भविष्यमा विश्वास गर्नेहरुको एकताको निम्ति प्रार्थना गर्नुभएकोथियो । उहाँले पितालाई प्रार्थना गर्दै भन्नुभएको थियो, "म यिनीहरुका निम्ति मात्र प्रार्थना गर्दिन, तर यिनीहरुका सन्देशद्वारा ममाथि विश्वास गर्नेहरुका निम्ति पनि प्रार्थना गर्छु, कि तिनीहरु सबै एक होऊन् । हे पिता, जसरी तपाई हुनुहुन्छ, र म तपाईमा, त्यसरी तिनीहरु पनि हामीमा होऊन् र तपाईले मलाई पठाउनुभयो भनी संसारले विश्वास गरोस्" (यूहन्ना १७:२०, २१) ।

यदि तपाईलाई भोली मृत्युदण्ड दिने समय निर्धारण गरिएको छ र आज रात तपाई प्रार्थना गर्न घुडा टेक्नुहुन्छ भने, तपाईले केका निम्ति प्रार्थना गर्नुहुन्छ ? के तपाईले साना, महत्वहीन योजनाहरुको निम्ति प्रार्थना गर्नुहुन्छ ? के तपाई त्यो आसाको निम्ति प्रार्थना गर्नुहुँदैन र जुन तपाईलाई संसारमा सबैभन्दा प्यारो र अति नै महत्वपूर्ण हुन्छ ? जब हामी उहाँले एकताको निम्ति क्रूसमा टाँगिनुभन्दा अघिल्लो रात गर्नुभएको उहाँको प्रार्थना पढ्दछौं हामीले ख्रीष्टले एकतालाई कति महत्व दिनुभएको छ भन्ने के हामीले देख्न सक्दैनौं ? येशूको हृदयमा विश्वासीहरुको एकता एकदमै प्रिय र अति नै महत्वपूर्ण अभिलाषाको रुपमा थियो, नत्र भने उहाँले आफ्नो मृत्युको अघिल्लो रात यसको निम्ति प्रार्थना गर्नु हुने थिएन ।

जब पावलले भीषणरुपमा विभाजित एउटा धेरै समस्याहरु र कमजोरीहरुले घेरिएको मण्डलीलाई कोरिन्थको मण्डलीलाई पत्र लेखेका थिए, सर्वप्रथम उनले तिनीहरुलाई कडा रुपमा एकताको निम्ति आव्हान गरेका थिए : "भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्टको नाउँमा म तिमीहरुलाई आग्रह गर्दछु, कि तिमीहरु सबै एउटा अर्कासँग सहमत होओ, र तिमीहरुको माझमा केही फूट नहोस् । तर तिमीहरु एकै मन र एकै विचारका होओ" (१ कोरिन्थी १:१०) । पावलले कोरिन्थीहरुलाई पत्र लेखेको समयमा इ. सन् ५४ देखि ५६ मा, सम्प्रदायहरु अस्तित्वमा आएका थिएनन्, अस्तित्वमा भएको एउटै मण्डली प्रभुको मण्डली मात्र थियो, र पावल, पवित्र आत्माको प्रेरणाद्वारा, कोरिन्थमा भएको मण्डलीलाई एकतामा रहनु भन्दछन् । उनी एकताको निम्ति अनुरोध मात्र गर्दैनन्, तर यसको निम्ति उनी येशू ख्रीष्टको नाममा आग्रह गर्दछन् ।

आउनुहोस् मण्डलीको एकतालाई बृहद रुपमा हेरौं । अघि नै उल्लेख गरिएका दुइवटा पदहरुले ख्रीष्टिय मण्डलीमा हुनुपर्ने सुन्दर एकतालाई स्पष्ट रुपमा प्रकट गरिदिएका छन्, तर यसमा कस्तो प्रकारको एकता हुनुपर्दछ ? त्यो एकताको गुण के हो ? ख्रीष्टले प्रार्थना गर्नुभएको एकतालाई बुझ्ने कामले हामीलाई मण्डली स्वयम्को बारेमा अझ बढि बुझ्न सहायता गर्नु पर्दछ।

---

[२०] टी.बी. लारीमोर, "यूनिटी" इन बायोग्राफी एण्ड सर्मनन्स, एड.एफ.डी. सर्गली (एन.पी.एन.डी., पुनर्प्रकाशन, नासभिल : गस्पल एडभोकेट, १९६१), ३५-३६) ।

## एउटा शरीरको अंग हुने कार्यमा एकता

सर्वप्रथम, आउनुहोस् परमेश्वरले दिनुभएको एउटै मानिसहरुको रुपमा भएको खीष्टको शरीरको एकतालाई हामीहरु बुझ्ने प्रयास गरौं । नयाँ करारले त्यस एकताको बारेमा कुरा गरेको छ जुन स्वभाविक रुपमा र खीष्टमा हुनुमा आधारित हुन्छ । जब कोही शरीरमा प्रवेश गर्दछन् तब यो एकता परमेश्वरको अनुग्रहबाट हुन आउँदछ । कोही वास्तविक रुपमा खीष्टको शरीरको अंग बन्दछन् भने उनले यो एकता प्राप्त गर्दछन् ।

नयाँ करारको संसार दुई मुख्य समुदायहरुमा विभाजित थियो : यहूदी र अन्य जाति । यी दुई समूहको बिचमा भएको विभाजन त्यतिकै रुपमा गहिरो थियो जुन आज पनि दुई जातिहरुको बिचमा असितत्वमा हुनसक्दछ । यद्यपि पावलले यहूदी र अन्य जातिहरु खीष्टमा एक हुनेछन् भन्ने प्रतिज्ञा गरेका छन् :

> किनकि उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ । उहाँले हामी दुवैलाई एउटै बनाउनुभएको छ ... (एफिसी २:१४)
>
> ... कि यी दुइका सट्टामा उहाँले आफैमा एउटा नयाँ मानिस सृष्टि गरुन् र यसरी शान्ति स्थापना होस्, अनि उहाँले क्रूसद्वारा हामी दुवैलाई एउटै शरीरमा परमेश्वरसँग मेल गराएर शत्रुतालाई शेष पार्नुभयो (एफिसी २:१५, १६) ।
>
> अब नता यहूदी छ न ग्रीक, न कमारा छ न फुक्का, नता पुरुष न स्त्री छ, किनभने खीष्ट येशूमा तिमीहरु सबै एउटै हौ (गलाती ३:२८) ।

खीष्टले, उहाँको क्रूसमा भएको मृत्युद्वारा, उनीहरुको पृष्ठभूमि र जाति जे भएता पनि जो खीष्टमा आउँदछन्, ती सबै मानिसहरुलाई एउटै बनाउनु हुन्छ । यहूदीहरु र अन्य जातिहरु, दुई एकदमै फरक जातिहरु, एउटै जातिमा पुनःसृष्टि गरिएका हुन्छन् र तिनीहरुलाई खीष्टियान भनिन्छ । खीष्टले यहूदीलाई अन्यजाति अथवा अन्यजातिलाई यहूदी बनाउनु हुँदैन । उहाँले अन्य जातिलाई उच्च पारेर यहूदीहरुले ओगटेको अधिकारहरु पनि दिलानु हुन्न, न त उहाँले यहूदीहरुलाई होच्याएर अन्य जातिको स्थानमा ल्याउनुहुन्छ । उहाँले यहूदी र अन्यजाति दुवैलाई खीष्टमा स्वर्गीय स्थानमा उचाल्नु हुन्छ जुन दुवैलाई अहिलेसम्म प्रतिज्ञा गरिएको अथवा प्राप्त गरेको कुनै पनि सुविधा अथवा पदभन्दा धेरै नै उच्च छ । यहूदीले उ एउटा यहूदी थियो भन्ने भुल्नु पर्दछ, र अन्य जातिले उ एउटा अन्य जाति थियो भन्ने कुरा भुल्नु पर्दछ ।

यही कुरा आज मण्डलीमा सत्य हुनुपर्दछ । प्रत्येक व्यक्तिले उ खीष्टमा के भएको छ भन्ने मात्र सोच्नुपर्दछ । खीष्ट सबै खीष्टियानहरुको मुक्तिदाता र प्रभु हुनुहुन्छ । यो ईश्वरीय एकत्वमा, सबै देश, जाति, समाज र परिवारका भिन्नताहरु हटाइन्छन् ।

खीष्टद्वारा, मानिसहरु मिलापमा ल्याइन्छन् - अथवा परमेश्वरमा - एक ठाउँमा ल्याइन्छन् (कलस्सी १:२०) । त्यसपछि, त्यो मिलापद्वारा, खीष्टियानहरु एक आपसमा एक ठाउँमा ल्याइन्छन् "अनि पवित्र आत्मामा परमेश्वरको बासस्थान हुनलाई तिमीहरु पनि उहाँमा एकसाथ निर्माण हुँदै जान्छौ" (एफिसी २:२२) । यी दुई एक-आपसमा एउटै हुनुभन्दा अघि, तिनीहरु परमेश्वरमा एक भएको हुनै पर्दछ ।

इतिहासमा नोर्मन्स र सेक्सोन्स जस्ता मानिसहरुको उदाहरणहरु छन्, जसले निरन्तर एक आपसमा युध्द गरेका थिए । शत्रुता र घृणाले स्थाई रुपमा तिनीहरुलाई चित्रण गरेको थियो । त्यसो भएता पनि, शताब्दीऔंदेखि, मानिसहरु घुलमिल भए र बिहावारी गरे, जबसम्म अन्तत यी दुई समुदायका मानिसहरु एउटैमा विलिन भएनन् । यसरी ती फरक जातिहरु, आफ्नै प्रकारको एउटै मात्र समुदायहरु, अस्तित्वविहिन भए । युध्द समाप्त भयो, निश्चय नै, किनभने तिनीहरु बिचमा भएको

विभाजन अब बाँकी रहेन । यी दुइ समुदायहरुको त्यो अन्तरघुलनले एउटा नयाँ समुदायका मानिसहरु उत्पन्न गऱ्यो जसले एक-अर्कालाई प्रेम र सम्मान गर्दथे ।[२१]

यसै तरिकाले, सबै मानवीय विभाजनहरु र बाधाहरु खीष्टमा भत्किन्छन्, परमेश्वरको आश्चर्यजनक अनुग्रहबाट एउटा नयाँ मानिसहरुको शरीर सृष्टि हुँदछ । उहाँको शरीरमा, मानिसहरुले यहूदी अथवा अन्य जाति, कमारा अथवा फुक्का, धनी मानिस अथवा गरिब मानिस, पुरुष अथवा स्त्री, गोरो अथवा कालो देख्दैनन् । खीष्टियानहरुले तिनीहरु “सबै खीष्ट येशूमा एउटै हौ” भन्ने मात्र देख्दछन् (गलाती ३:२८ ख) ।

खीष्टमा भएको एकता बुझ्नको निम्ति, त्यसो भए, हामीले सर्वप्रथम त्यो एकताको बारेमा बुझ्नु पर्दछ जुन खीष्टियानहरुलाई तिनीहरु उहाँको शरीरमा प्रवेश गर्दा दिइएको हुन्छ । नयाँ खीष्टियानहरुलाई जब उनीहरु खीष्टको शरीरमा प्रवेश गर्दछन् अब उनीहरु उहाँका शरीरको अरु सबै अंगहरुसँग एक भएका हुन्छन् भनी बताउनु उपयुक्त र यहाँसम्म कि आवश्यक हुन्छ । मण्डलीले यो सत्यतासँग सहमत भएर सोच्न र काम गर्नु पर्दछ । कुनै पद, कुनै बाधा, कुनै विभाजन र कुनै जातियताको खीष्टको शरीरमा कुनै स्थान हुँदैन । सबै सदस्यहरु खीष्टसँग र एक-अर्कासँग एक भएका हुन्छन् ।

## शिक्षामा एकता

दोश्रो, खीष्टमा शिक्षामा एकता पाइन्छ । एकता आत्माद्वारा दिइएको हुन्छ जब मानिसहरु खीष्टको शरीरमा प्रवेश गर्दछन्, तर यो एकता प्रत्येक सदस्यहरुबाट धर्मशास्त्रहरुको शिक्षाप्रति आज्ञापालक भई कायम गरिनुपर्दछ ।

खीष्टियानहरु शिक्षा र विश्वासको एकताबाट एकसाथ बाँधिएका हुन्छन् । खीष्टको शरीर परमेश्वर र जीवनसम्बन्धी अनुमानहरु बारेको अप्रमाणित विश्वासहरुबाट निर्देशित मानिसहरुको एउटा समूह होइन । उहाँका शरीरका सदस्यहरु परमेश्वरको सत्यताको ईश्वरीय प्रकाशबाट एकताबध्द भएका हुन्छन् ।

जब पावले खीष्टको मण्डलीको एकताको बारेमा छलफल गर्दछन्, उनी खीष्टियानहरुलाई शान्तिको बन्धनमा आत्माको एकता कायम राख्न अनुरोध गर्दछन् । उनी ती सात “एकहरु” उल्लेख गर्दछन् जुन खीष्टको शरीरमा एकता कायम राख्नको निम्ति आधारभूत शिक्षा हुन् । उनी भन्दछन्, “शरीर एउटै छ, र पवित्र आत्मा एउटै हुनुहुन्छ, जसरी तिमीहरु बोलाइँदा एउटै आशामा बोलाइएका थियौ, जुन आशा तिमीहरुको बोलावटसँग गाभिएको छ, एउटै प्रभु, एउटै विश्वास, एउटै बप्तिष्मा, हामी सबैका एउटै परमेश्वर र पिता, जो सबैमाथि सबैका मध्य र सबैमा हुनुहुन्छ” (एफिसी ४:४-६) । त्यो शरीर जसको बारेमा पावलले लेखेका छन् त्यो खीष्टको आत्मिक शरीर, मण्डली हो (एफिसी १:२२, २३) । आत्मा परमेश्वरको तेश्रो अंग हुनुहुन्छ जसले हामीलाई धर्मशास्त्रहरुको प्रकाश दिनुभएको छ । एउटै आशा सुसमाचारद्वारा प्रत्येक खीष्टियानहरुको हृदयमा राखिएको त्यो अनन्त आशा हो (कलस्सी १:२३) । एउटै प्रभु खीष्ट हुनुहुन्छ, जीवित परमेश्वरका पुत्र, त्यो एकजना जो हाम्रो पापहरुको निम्ति मर्नुभएको थियो र हामीलाई धर्मी ठहराउनको निम्ति जीवित भै उठ्नुभएको थियो । एउटै विश्वास खीष्ट र उहाँको वचनमा भएको विश्वास हो जुन धर्मशास्त्रहरुको साक्षीबाट आउँदछ (रोमी १०:१७) । एउटै बप्तिष्मा त्यो बप्तिष्मा हो जसको आज्ञा खीष्टले महान आज्ञामा दिनुभएको थियो र जुन खीष्टियान युगको अन्त्य नभएसम्म लागू रहने छ (मत्ती २८:१९, २०) । एउटै परमेश्वर अनन्त परमेश्वर हुनुहुन्छ, एउटै मात्र सत्य र जीवित परमेश्वर । सात “एकहरु” को सम्बन्धमा, आर.सी. बेल भन्दछन्, “यी बदल्न नसकिने, अन्तिम तथ्यहरुले या त स्वीकार गर्ने अथवा अस्वीकार गर्ने माग गर्दछन् । यसमा कुनै अरु प्रतिकृया सम्भव छैन, एउटा मान्छे जसले यी मध्ये एउटैलाई पनि अस्वीकार गर्दछन् भने उनले स्वयम्लाई एउटा खीष्टियान हुँ भनी ठान्नु हुँदैहुँदैन ।”[२२]

संगठन एउटा कुरा हो, तर एकता अर्कै कुरा हो । संगठन बलद्वारा पनि प्राप्त गर्न सकिन्छ, तर एकता समर्पणमा मात्र पाउन सकिन्छ । संगठन दुईटा मानिसहरुलाई डोरी बाँधेर पनि निर्माण गर्न

---

[२१] आर.सी. बेल, स्टडिज इन एफिसियन्स (अस्टिन, टेक्सास : फर्म फाउण्डेसन पब्लिसिङ्ग हाउस, १९७१, २५) ।

[२२] त्यही ठाउँमा, २४

सकिन्छ, तर एकता तब मात्र आउँदछ जब हृदयहरु विश्वास र प्रेमका साथ एकैसाथ बाँधिएका हुन्छन् । मन र इच्छा फरक भएका मानिसहरुले एक प्रकारको संगठनको अनुभव गर्न सक्दछन्, तर एउटै सत्य बोलेर र एउटै मन र विचारको भएर मात्र मानिसहरु एकैसाथ बस्न सक्दछन् ।

पावलले १ कोरिन्थी १:१० मा एकताको निम्ति आग्रह मात्र गरेका छैनन्, तर उनले वास्तवमा कस्तो प्रकारको एकताको आग्रह गरेका हुन् भन्ने पनि बताएका छन् - एउटा सहमतिको एकता, फूटहरु नभएको, मन र विचारमा पूर्ण । खीष्टको इच्छामा समर्पित भएर यस प्रकारको एकता प्राप्त गर्न सकिन्छ । प्रेरित २ मा, मण्डली स्थापना भएको दिनमा, प्रत्येक मानिस प्रेरणा प्राप्त मानिसहरुबाट पाएको आत्माको सन्देशमा समर्पित भएका थिए । यस समर्पणको परिणाम स्वरुप परमेश्वरको शिक्षामा बाँडिएको विश्वासमा आधारित एकता प्राप्त भएको थियो : “तिनी प्रेरितहरुको शिक्षामा ... भक्तिसाथ लागिरहन्थे ... विश्वास गर्नेहरु जति सबै एकसाथ बस्थे, र तिनीहरुका सबै थोक साझा थिए” (प्रेरित २:४२-४४) । पावलले फिलिप्पीमा भएका भाइहरुलाई लेखेका छन्, “... हामीले जे प्राप्त गरिसकेका छौं, त्यसमा दह्रिला भइबसौं” (फिलिप्पी ३:१६) ।

## दैनिक जीवनमा एकता

तेश्रो, एकता खीष्टको शरीरको दैनिक जीवनमा पनि देखिनु पर्दछ । त्यो एकता जुन पवित्र आत्माले दिनुभएको हुन्छ जब मानिसहरु खीष्टमा प्रवेश गर्दछन् खाली प्रत्येक सदस्यहरुले धर्मशास्त्रहरुको सामान्य शिक्षाको पालनाद्वारा मात्र यसलाई कायम राख्दैनन्, तर प्रत्येक सदस्यहरुले खीष्टमा एउटै विचारको भएर सँगै जीवन बिताउनको निम्ति एउटा व्यवहारिक र विवेकपूर्ण आनीबानीलाई पनि अँगाल्नु पर्ने हुन्छ ।

पावलले फिलिप्पीका भाइहरुलाई प्रेम र मेलमिलापमा जीवन बिताउन उत्साहित गरेका थिए । पावल भन्दछन्, “तिमीहरु एकै मनका भएर, एउटै प्रेम राखेर, पूर्ण सम्मतिसाथ एउटै चित्तका भएर मेरो आनन्द पूरा गर” (फिलिप्पी २:२) । उनी अझ अघि भन्दछन्, “म इयोदिया र सन्तुखेलाई प्रभुमा एउटै मनका होओ भनेर आग्रहपूर्वक बिन्ती गर्दछु” (फिलिप्पी ४:२) । यी पदहरुले खीष्टका शरीरका अंगहरुले आवश्यक भएकोले बाइबलको शिक्षा अनुसार जीवन बिताउने माग गर्दछन् । एकता कायम राख्नको निम्ति, खीष्टियानहरुले कहिले काही उनीहरुको मतहरु र इच्छाहरु आफैमा राख्नु पर्ने हुन्छ ।

मण्डलीले कहिल्यै पनि एउटा भाइले उसको विवेकको विरुध्दमा जाने कुनै कुरा गरेको होस् भन्ने माग गर्नुहुँदैन । पावल भन्दछन्,

> यसैकारण हामी एउटाले अर्कालाई अब उसो इन्साफ नगरौं । बरु आफ्नो भाइको बाटोमा ठेस लाग्ने कुरो अथवा बाधा पार्ने कुरो कहिल्यै नराख्ने अठोट गरौं (रोमी १४:१३) ।
>
> विश्वासमा दह्रिला हुने हामीले आफैलाई मात्र खुशी पार्ने इच्छा नराखेर दुर्वल मानिसहरुका कमजोरीलाई सहनुपर्छ । हामी प्रत्येकले आफ्नो छिमेकीको आत्मिक सुधार होस् भनेर तिनको भलाइको लागि तिनलाई प्रसन्न राखौं । किनकि खीष्टले पनि आफैलाई प्रसन्न पार्नुभएन, जसो लेखिएको छ, “तपाईलाई निन्दा गर्नेहरुको निन्दा ममाथि पऱ्यो” (रोमी १५:१-३) ।

व्यवहारिक एकताले अक्सर गरेर लिने र दिने कुराको माग गर्दछ । स्वार्थी मानिसलाई अरुहरुसँगको एकताको बारेमा कहिल्यै थाहा हुँदैन । उ सधै एउटा सानो राज्यमा बस्ने गर्दछ जसको चारै किनाराहरु सधै उसका स्वार्थी इच्छाहरुले घेरिएको हुन्छन् । उ अरुहरुसँग साँचो संगतिको निम्ति त्यो राज्यबाट बाहिर आउन सक्दैन, र अरुहरु पनि उसँग साँचो संगतिको निम्ति त्यसमा प्रवेश गर्न सक्दैनन् ।

यो खीष्टमा हुने व्यवहारिक एकता खीष्टका शरीरको प्रत्येक अंगहरुले उसको भाइ अथवा बहिनीको बारेमा प्रेम र अनुग्रहको साथ सोचेर आफ्नो भागको काम सावधानीका साथ गर्ने प्रयास गरेमा बढ्दै जान्छ । खीष्टियानहरुले उसको आफ्नो मतहरु र इच्छाहरु बारेमा कम चाहना गर्नुपर्दछ ।

उसले कुनै पनि कुरो स्वार्थवस अथवा खोक्रो घमण्डमा गर्नु हुँदैन, तर मनको नम्रताका साथ, उसले अरुहरुलाई उ भन्दा महत्वपूर्ण ठान्नुपर्दछ (फिलिप्पी २:३) । उसले आफ्नै मात्र हित खोज्ने होइन, उसले अरुहरुका हितलाई हेर्नुपर्ने हुन्छ (फिलिप्पी २:४) । यदि उनले त्यसरी जीवन बिताउँछन् भने, उनले अद्वितीय रुपमा खीष्टको मनलाई प्रदर्शन गरिरहेका हुन्छन् (फिलिप्पी २:५-८) ।

## निष्कर्ष

खीष्टको शरीर, त्यसैकारण, यसको एकताको निम्ति परिचित छ । यो एकताको तीन प्रकारको विशेषताहरु छन् । खीष्टियानहरु एउटा शरीरको रुपमा, एउटै शिक्षाको विश्वासीहरुको रुपमा र मानिसहरुको रुपमा दैनिक जीवनयापन गर्दा एउटाले अर्कालाई ध्यानपूर्वक व्यवहार गरेर एकतावध्द भएका हुन्छन् । जब खीष्टियानहरु उहाँको शरीरमा प्रवेश गर्दछन् एकता परमेश्वरको अनुग्रहबाट आउँदछ । शरीरको धर्मशास्त्रहरुको शिक्षाप्रतिको पूर्ण समर्पणद्वारा यसलाई कायम राख्न र अनुभव गर्न सकिन्छ । मण्डलीले एकताबाट आनन्द लिन सक्छ किनभने त्यहाँ प्रत्येक सदस्यहरु संगि खीष्टियानहरुको आत्मिक जीवनको बारेमा चिन्तित हुन्छन् ।

परमेश्वरले उहाँको संसारमा भएको सबै घन्कीरहेको विरोधलाई खीष्टमा मिलापमा ल्याउन चाहनुहुन्छ : "किनकि उहाँको आफ्नो सारा पूर्णता खीष्टमा बास गरेकोमा परमेश्वर प्रसन्न हुनुभयो, र परमेश्वरले उहाँका क्रूसको रगतद्वारा शान्ति गराएर पृथ्वीको होस् वा स्वर्गको होस्, उहाँद्वारा नै सबैथोकलाई आफूसँग मिलापमा ल्याउनुभयो" (कलस्सी १:१९, २०) । खीष्टले, उहाँको सुसमाचारद्वारा, उहाँको शरीरमा यो एकतामा हामीलाई बोलाउनु हुन्छ । परमेश्वरले यसको योजना बनाउनु भएको थियो (एफिसी ३:६), खीष्टले त्यसको निम्ति प्रार्थना गर्नुभएको थियो र यसलाई सम्भव बनाउन सहायता गर्नुभएको थियो (यूहन्ना १७:२१, एफिसी २:१६), पावलले यसको निम्ति आग्रह गरेका थिए (१ कोरिन्थी १:१०), र आत्माले यसलाई उत्पन्न गर्नुभएको थियो (एफिसी ४:१-६) ।

के हामीले यसलाई ग्रहण गरेर र यसमा जीवन बिताएर यो एकतालाई स्वीकार गर्नु पर्दैन ?

## अध्ययन प्रश्नहरु

१. कुन तरिकाले खीष्टमा एकता मनोहर र असल दुवै हुन्छ ?
२. उहाँको मण्डलीको निम्ति खीष्टले उहाँ क्रूसमा टाँगिनुभएको अघिल्लो रात गर्नुभएको विशेष प्रार्थना के थियो ? (हेर्नुहोस् यूहन्ना १७:२१-२४) ।
३. पावलले १ कोरिन्थी १:१० मा एकताको निम्ति गरेको आग्रह बारेमा छलफल गर्नुहोस् ।
४. एउटा शरीरको रुपमा खीष्टिय मण्डलीमा हुने एकतालाई व्याख्या गर्नुहोस् ।
५. जब कोही मण्डलीमा प्रवेश गर्दछन् कहिले उनलाई मण्डली त्यो एकता प्रदान गरिन्छ ?
६. मण्डलीको शिक्षामा भएको एकतालाई व्याख्या गर्नुहोस् । शरीरको रुपमा एकता हुनु र शिक्षामा एकता हुनुको बिचमा के फरक छ ?
७. कसरी एकता र खीष्टको इच्छामा समर्पित हुनुको बिचमा सम्बन्ध छ ?
८. शिक्षामा एकता हुनु र दैनिक जीवन यापनमा एकता हुनुको बिचमा के फरक छ ?
९. मण्डलीमा व्यवहारिक एकता कायम राख्नको निम्ति खीष्टियानहरुले कहिलेकाहीँ उठाउनै पर्ने केही कदमहरु के हुन् ?

## शब्द सहायताहरु

***विवेक*** - मानवहरुमा पाइने आन्तरिक नैतिक साक्षी, कहिलेकाहीँ यसलाई एउटा भित्री आवाजको रुपमा सोच्ने गरिन्छ जसले हामीलाई सही र गलत के हो भन्ने बताउँछ । विवेकलाई परमेश्वरको वचनबाट शिक्षित हुन आवश्यक छ ।

***इयोदिया र सन्तुखे*** - दुई खीष्टियान स्त्री जसको एक-आपसमा विवाद थियो (फिलिप्पी ४:२) । पावलले उनीहरुलाई एक-अर्कासँग शान्तिमा बस्न अनुरोध गरेका छन् ।